# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, वैशाख ३ गते २०४३ साल (अतिरिक्ताङ्क १

## भाग ३

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको सूचना

राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

खण्ड ३४ मिति २०४१।१२।२८ अतिरिक्ताङ्क ६६ को नेपाल राजपत्रमा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम राजश्व न्यायाधिकरण काठमाडौंको अध्यक्ष भै काम गरी रहनुभएका बागमती अञ्चल अदालतका अतिरिक्त अञ्चल न्यायाधीश श्री माधवदत्त भट्ट जनकपुर अञ्चल अदालतको अतिरिक्त अञ्चल न्यायाधीश पदमा सरुवा हुनु भै रिक्त रहन आएकोले बागमती विशेष अदालतका अध्यक्ष श्री गोपालप्रसाद खत्री-लाई बागमती विशेष अदालतको अध्यक्षको साथै राजश्व न्यायाधिकरण काठमाडौंको कानून सदस्य एवं अध्यक्षको कामसमेत गर्ने गरी तोकिएको छ ।

आज्ञाले,  
ध्रुववरसिंह थापा  
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

९२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।